जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १६७ • २०८२ चैत्र २५ गते बुधवार • 8 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## विद्यालयको शैक्षिक क्यालेन्डर र पाठ्यक्रम व्यवस्थापनमा नयाँ चुनौती

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ चैत्र**



सरकारले इन्धन खपत घटाउने उद्देश्यले सातामा दुई दिन बिदा दिने निर्णय गरेपछि विद्यालयको शैक्षिक क्यालेन्डर र पाठ्यक्रम व्यवस्थापनमा नयाँ चुनौती थपिएको छ । प्याब्सनका महासचिव आरबी कटुवालले हालको पाठ्यक्रम हप्तामा एक दिन बिदालाई ध्यानमा राखेर बनाइएको हुँदा नयाँ व्यवस्थामा त्यसलाई समयमै सम्पन्न गर्न कठिन हुने बताएका छन् ।

उनका अनुसार नयाँ निर्णयअनुसार वर्षभरि करिब १६०-१६५ दिन मात्रै पठनपाठन हुने भएकाले अहिलेको पाठ्यक्रम भ्याउन नसकिने अवस्था देखिएको छ । "दुई दिन बिदा र वैशाख १५ पछि मात्र भर्ना सुरु हुँदा शैक्षिक समय झन् छोटिन्छ," उनले बताएका छन् । यद्यपि, सरकारले पेट्रोलियम खपत घटाउने उद्देश्यले गरेको निर्णयप्रति प्याब्सनले समर्थन जनाएको छ। नेपालभर करिब २० हजार विद्यालय बस सञ्चालनमा रहेको र दैनिक ठूलो मात्रामा इन्धन खपत हुने भएकाले दुई दिन बिदाबाट इन्धन बचत हुने तर्क गरिएको छ। तर दीर्घकालीन समाधानका रूपमा इभी (विद्युतीय सवारी) तर्फ रूपान्तरण आवश्यक रहेको सुझाव पनि दिइएको छ। यसैबीच, शिक्षा मन्त्रालयले वैशाख १५ अघि भर्ना नगर्न र नियमविपरीत लिइएको शुल्क फिर्ता गर्न निजी विद्यालयलाई निर्देशन दिएको छ। कटुवालले उक्त निर्णय कानुन र सर्वोच्च अदालतको आदेशअनुसार रहेको भन्दै सबै विद्यालयले पालना गर्नुपर्ने बताएका छन् । उनका अनुसार केही विद्यालयले निर्देशिकाभन्दा बढी शुल्क लिएको विषयमा मात्र विवाद भएको हो, सम्पूर्ण निजी विद्यालयलाई दोष दिनु उपयुक्त नहुने धारणा राखिएको छ । साथै, शुल्क निर्धारण स्थानीय तह, विद्यालय व्यवस्थापन समिति र सम्बन्धित निकायको स्वीकृतिपछि मात्र हुने स्पष्ट गरिएको छ ।




## महोत्तरीमा दुई मोटरसाइकल आपसमा ठोकिदा आगलागी भई तीन जना विद्यार्थीको जलेर मृत्यु

**मो.इर्शाद**
**महोत्तरी, २४ चैत्र**



महोत्तरीमा दुई मोटरसाइकल आपसमा ठोकिँदा आगलागी भई तीन जना विद्यार्थीको जलेर मृत्यु भएको छ । उक्त दुर्घटनामा थप तीन जना विद्यार्थी गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

जिल्लाको जलेश्वर-बर्दिबास सडकखण्डमा मंगलबार भएको मोटरसाइकल दुर्घटनामा तीन जनाको जलेर मृत्यु भएको छ भने अन्य तीन जना गम्भीर घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार जलेश्वर नगरपालिका र एकडारा गाउँपालिकाको सिमाना, एकडारा-५ स्थित बखरी चोकबाट करिब २०० मिटर उत्तरतर्फ दुईवटा मोटरसाइकल दुर्घटनामा परेका थिए। दुर्घटनापछि मोटरसाइकलमा आगलागी हुँदा सवार व्यक्तिहरू जलेका हुन् । दुर्घटनामा ज्यान गुमाउनेहरूमा जलेश्वर नगरपालिका-६ का सुभाष दास, सोही स्थानका रवि दास तथा एकडारा गाउँपालिका-३ अजमरपट्टीका अभिषेक मण्डल रहेका छन् । यस्तै दुर्घटनामा जलेश्वर नगरपालिका-६ का रोहित दास, जयकुमार महतो र अभय कापर गम्भीर घाइते भएका छन्। महतो र कापरको ठेगाना खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुवै मोटरसाइकलमा तीन-तीन गरी ६ जना सवार थिए। दुर्घटनापछि स्थानीय र प्रहरीको टोलीले उद्धार गरी घाइतेहरूलाई उपचारका लागि जलेश्वर प्रादेशिक अस्पताल पुऱ्याएको थियो। मृतकहरूको शव पोस्टमार्टमका लागि जलेश्वर प्रादेशिक अस्पतालमा राखिएको छ । दुई मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना भएको हो वा अन्य कारणले भएको हो भन्नेबारे अझै यकिन भइसकेको छैन ।आगलागीको कारण समेत खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## मिथिला नगरपालिकाका विभिन्न सरकारी कार्यालयहरूमा छड्के

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ चैत्र**



धनुषाको मिथिला नगरपालिकाका विभिन्न सरकारी कार्यालयहरूमा छड्के अनुगमन गरिएको छ । नगर प्रमुख महेन्द्र महतोको नेतृत्वमा गरिएको अनुगमनले सेवा प्रवाहमा गम्भीर प्रश्न उठाएको हो ।

नगर प्रमुख महतो र प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवसहितको टोलीले मंगलबार बिहान मिथिला नगरपालिकाको कार्यालय, ढल्केवर स्वास्थ्य चौकी, वडा नम्बर-६ र वडा नम्बर-२ का कार्यालय तथा नक्टाझिज हेल्थपोष्टमा छड्के अनुगमन गरेका हुन् । बिहान ९ बजेर १० मिनेटदेखि १० बजेसम्म गरिएको अनुगमनका क्रममा विशेषगरी स्वास्थ्य संस्थाहरूको अवस्था चिन्ताजनक पाइएको नगर प्रमुख महतोले बताए । उनका अनुसार नक्टाझिज हेल्थपोष्टमा १० बजेसम्म पनि अधिकांश कर्मचारीहरू कार्यालयमा उपस्थित थिएनन् । 'अनुगमनका क्रममा धेरैजसो कर्मचारीहरू समयमा कार्यालयमा नआएको पाइयो,' महतोले भने, 'यसले सेवा प्रवाहमा प्रत्यक्ष असर पार्ने भएकाले अब कडाइ गरिन्छ ।' अनुगमन टोलीले केही वडा कार्यालयहरूमा पनि कर्मचारीहरूको उपस्थिति न्यून रहेको पाएको जनाएको छ । सेवाग्राहीहरू बिहानैदेखि सेवा लिन आए पनि कर्मचारी नहुँदा समस्या भोग्नुपरेको स्थानीयले गुनासो गरेका छन् । नगर प्रमुख महतोले कर्मचारीहरूको गैरजिम्मेवार व्यवहारप्रति असन्तुष्टि व्यक्त गर्दै आगामी दिनमा नियमित अनुगमनलाई तीव्रता दिने चेतावनी दिए ।

उनले समयपालन नगर्ने र कार्यसम्पादनमा लापरवाही गर्ने कर्मचारीमाथि आवश्यक कारबाही गरिने स्पष्ट पारे ।






## पीडित जनतालाई न्याय देऊ

सरकार असफल हुनु भनेको करिब दुई तिहाइको जनमतको विश्वास गुम्नु सरह रहेको छ । समग्र नेपाली जनताको भविष्य पनि अन्धकार तर्फ धकेलिनु सरह छ। अत: सुशासन र कानुनी राज आवश्यकता रहेका छन तर त्यसलाई विशेष ढंगबाट व्यवस्थापन गर्नु पर्दछ। चंगाको धागो चुँडिएर हातमा लट्टाईमात्र बाँकी रहने हो कि भन्ने कुरामा पनि हेक्का राख्नुपर्ने हुन्छन । सरकारले जनअपेक्षा अनुसार धेरै काम गर्न बांकी रहेको छ । कयौं कार्य गर्दा जोखिमको पनि सामना गर्नुपर्ने देखिन्छ। गहिरो खिल निकाल्न केही कष्ट त सहनुपर्छ। आवश्यक पर्‍यो भने अप्रेसन पनि गर्नुपर्छन । कष्ट सहेर भए पनि रोग निको पार्नुपर्ने हुन्छन। तर, खिल निकाल्न खोज्दा त्यही घाउ बल्झिएर कतै निको नहुने क्यान्सर रोग नै लाग्ने होइन ? हिजो राजनीतिमा विभिन्न संक्रमण भएकै थिए, त्यसको उचित निदान गर्नु नै सरकारको सक्षमताको मापन हुने देखिन्छ। रास्वपालाई पनि ज्ञात हुनैपर्छ कि उसले दुई तिहाइको मत पाउँदै गर्दा कयौं मत यो पटकलाई पुराना राजनीतिक दललाई जनताले नसिहत दिन पनि प्रदान गरेको छ ।

अर्थात्, गत निर्वाचनमा रास्वपालाई ठूला दलका कार्यकर्ताले समेत एउटा विश्वासका साथ मतदान गरेको थियो । त्यसको सम्मान र सदुपयोग गर्नुपर्छ। सरकारको अगाडि थुप्रै चुनौती रहेको छ । ती चुनौतीहरुलाई पार गर्दै उसले भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याई पीडित जनतालाई न्याय दिनुपर्ने आवश्यकता रहेको देखिन्छ। साथै अहिलेको सरकारले समस्या तथा यसको सामाधान समेत एकै पटक औल्याई दिदा थप जनता विश्वस्त हुने देखिन्छ।

## प्रदेशको समग्र आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण: यादव

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ चैत्र**




मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको समग्र आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेस प्रदेशको आज जनकपुरधाममा आयोजित सातौँ प्रदेशसभाको उद्घाटन समारोहमा उनले नीजि क्षेत्रलाई प्रोत्साहन र लगानीमैत्री वातावरण निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

मुख्यमन्त्री यादवले भने,"निजी क्षेत्रको सक्रियताबिना आर्थिक समृद्धि सम्भव छैन । त्यसैले सरकारले नीतिगत सुधार र सहजीकरणमार्फत लगानी आकर्षित गर्ने वातावरण बनाउँदैछ ।" मधेस प्रदेश, नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साहले दीगो र समावेशी विकासका लागि दीर्घकालीन योजनाको आवश्यकता औँल्याए ।

उनले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिए । महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पराजुलीले प्रदेशबीचको सहकार्य र अनुभव आदानप्रदानले उद्योग व्यवसाय विस्तारमा टेवा पुग्ने विचार व्यक्त गरे । उनले आर्थिक समृद्धिका लागि निजी क्षेत्रलाई सशक्त बनाउनु आवश्यक रहेको बताए । जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज साहले स्थानीय तह र निजी क्षेत्रबीच सहकार्यमा जोड दिँदै लगानी प्रवर्द्धनका लागि सहजीकरण गर्न स्थानीय तहले पनि आपश्यक भूमिका खेल्ने बताए ।

कार्यक्रममा महासङ्घका नवनिर्वाचित अध्यक्ष विजयकुमार साहले उद्योगी-व्यवसायीको हित संरक्षण गर्दै प्रदेशमा लगानीमैत्री वातावरण निर्माणका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे । उनले निजी क्षेत्र र सरकारबीच समन्वय बढाउँदै आर्थिक गतिविधि विस्तार गर्ने आफ्नो प्राथमिकता रहेको उल्लेख गरे ।

कार्यक्रमका अध्यक्ष तथा महासङ्घ, मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले मधेस प्रदेशको आर्थिक समृद्धिका लागि उद्योगी-व्यवसायी एकजुट भएर अगाडि बढ्नुपर्ने बताए। उनले प्रदेशमा उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार विकास र नीतिगत स्थिरता अपरिहार्य रहेको धारणा व्यक्त गरे।

## बर्दिबास नगरपालिकाले १० किसिमका श्रम गर्ने बीस जना महिलाहरूलाई महिला अधिकार दिवसको दिन सम्मान कार्यक्रम गर्ने

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ चैत्र**



बर्दिबास नगरपालिका द्वारा फरक फरक १० किसिमका श्रम गर्ने बीस जना महिलाहरूलाई महिला अधिकार दिवसको दिन पारेर सम्मान कार्यक्रम गर्ने भएको छ। नगरपालिकाको सभाहलमा भएको उक्त कार्यक्रममा बोल्दै नगरपालिकाका उपप्रमुख तारादेवी महतोले जेठ १६ गते एक कायक्रमको आयोजना गरी सम्मान गर्ने जानकारी गराउनुभएको हो ।

कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेशका पूर्व शिक्षा तथा राज्यमन्त्री माननीय शारदा देवी थापाले श्रमको सम्मान गर्ने प्रथाले श्रम गर्न प्रोत्साहन मिल्ने बताउँदै श्रमिक महिलाहरूको चयन गर्दा कस्ता महिलाहरूलाई उद्देश्य भित्र पार्ने हो त्यो विचार पुर्‍याउनुपर्ने बताउनुभयो।यो कार्यक्रमले महिलाहरूलाई प्रोत्साहन गर्दै आत्मनिर्भर बनाउन सिकाउने बताउनुभयो। कार्यक्रममा उपप्रमुख महतोको संयोजकत्वमा पाँच सदस्य श्रमिक महिला छनोट समिति गठन गरिएको छ। समितिमा संयोजक महतो लगायत महिला अधिकारकर्मी उर्मिला कार्की, सञ्चारकर्मी शर्मिला घिमिरे ,सामाजिक अभियन्ता उषा ढकाल , बर्दिबास नगरपालिकाका महिला तथा बालबालिका शाखाकी अधिकृत सिता अधिकारी रहेका छन् । समितिले नगरपालिका भित्रका फरकफरक १० किसिमका क्षेत्रमा श्रम गर्ने महिलाहरूको पहिचान गर्ने छ । निम्न आय भएका श्रममा आश्रित महिलाहरूलाई उनीहरूको कामको दक्षता र लगनशीलताका आधारमा पुरस्कारका लागि छनोट गर्नेछ । गिट्टी कुट्ने, दाउरा बेच्ने, इट्टा बोक्ने, अटो चलाउने, ठेला व्यापारी, होटलमा भाडा माज्ने ,मकै पोल्ने , सरसफाई काम गर्ने (रोड सरसफाई) मिस्त्री काम गर्ने र अस्पतालमा स्वीपर जस्ता क्षेत्रमा काम गर्ने महिला श्रमिकहरूको छनोट गर्ने कार्यक्रमका अध्यक्ष तथा समितिका संयोजक महतोले जनाउनुभयो । कार्यक्रममा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारी ,समाजसेवी शारदा दाहाल, सामाजिक संस्थाका प्रतिनिधि लगायत सरोकारवाला तथा अधिकारकर्मीहरूको उपस्थिति रहेको थियो ।

### तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मनमा पछुतो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: लामो यात्राको योग छ
सिंह: पिछडेको साथी मिल्ने
कन्या: मित्रतामा फाटो आउने
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक चिन्ता
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने


### मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


### आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे